# फ्लोरिकल्चर एशोसिएसन नेपाल
# बिनियम २०६४

(२०६४ असोज ४ गते बसेको FAN को पन्ध्रौं बार्षिक साधारण सभाद्धारा पारित)

फ्लोरिकल्चर एशोसिएसन नेपालको विधानको दफा १७ ले दिएको अधिकार प्रयोग गरी कार्यसमितिले देहाएका बिनियमहरु बनाई लागु गरिएको छ ।

मिति २०७० भाद्र १४ गते शुक्रबार बसेको **FAN** को २१ औं बार्षिक साधारण सभाबाट पहिलो पटक संसोधित बिनियम २०६४ (संसोधन सहित)

**(दफा १)**

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भ  यो विनियमको नाम फ्लोरिकल्चर एशोसिएसन नेपालको विनियम २०६४ रहने छ । यो विनियम १५ औं साधारण सभाबाट स्वीकृत गरि लागु हुनेछ ।

२. **परिभाषा  बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियममा**

(क) "विधान" भन्नाले फ्लोरिकल्चर एशोसिएसन नेपालको विधानलाई सम्भन्नु पर्दछ ।

(ख) "केन्द्र" भन्नाले फ्लोरिकल्चर एशोसिएसन नेपालको केन्द्रिय कार्यालयलाई सम्भन्नु पर्दछ ।

(ग) "सदस्य" भन्नाले विधानको दफा ६(क) मा उल्लेख भए बमोजिम साधारण सदस्यता ग्रहण गर्ने सदस्यलाई सम्भन्नु पर्दछ ।

(घ) "कार्यकारिणी समिति" भन्नाले विधानको दफा ७ बमोजिम गठित समितिलाई सम्भन्नु पर्दछ ।

(ङ) “वार्षिक साधारण सभा" भन्नाले दफा ८.१(क) बमोजिम बोलाइएका सभा सम्भन्नु पर्दछ ।

(च) "बिनियम" भन्नाले संस्था संचालन गर्न आवश्यक अनुसार कार्यकारिणी समिति लागु गरेको बिनियमलाई सम्भन्नु पर्दछ ।

(छ) "उप-समिति" भन्नाले संस्थाको उदेश्य प्राप्तिको लागि विनियमको दफा ३.१ अनुसार गठित उपसमितिलाई सम्भन्नु पर्दछ ।

(ज) “जिल्ला समिती” भन्नाले कुनै पनि जिल्ला भित्रका FAN का सदस्यहरुलाई समेट्ने गरि यस बिनियमको दफा ४.१ अनुसार गठन गरिएको समितीलाई बुझाउने छ ।

(झ) “जिल्ला समन्वय समिती” भन्नाले जिल्ला समितीहरु गठन गर्न केन्द्रलाई आबश्यक जानकारी गराउने उद्देश्यले बिनियमको दफा ५.१ अन्तर्गत केन्द्रिय कार्यकारिणी समितीले गठन गरेको समितीलाई बुझाउनेछ ।

(ञ) “बिधा” भन्नाले एकै खालको उत्पादन वा बितरण प्रणाली भएको व्यवसायको प्रकृती भएको क्षेत्रलाई बुझाउने छ ।

**(दफा -३)**

**उपसमिति**

३ .१ **उपसमितिको गठन**

~~(क) पुष्प व्यवसाय भित्रका कुनै बिधा अन्तर्गतका कुनै समुहको आफ्नो सामुहिक हित र समस्या समाधानको लागि उपसमिति गठन गर्न सकिनेछ ।~~

~~*(ख) उपसमिति गठन गर्दा सम्बन्धित बिधा भित्रका सदस्यहरुको सभा बोलाई FAN को प्रतिनिधीको उपस्थितीमा सर्व सम्मत वा बहुमतको आधारमा निर्णय गरि चयन गर्नु पर्नेछ ।*~~

~~*(ग) उपसमिति गठन भएको बारेको निर्णय सहित लिखित जानकारी पत्र FAN को कार्यसमितिलाई गराउन पर्नेछ ।*~~

~~*(घ) यसरी जानकारी दिइसकेपछि फ्यानको कार्य समितिले आवश्यक निर्णयहरु गरि स्वीकृति दिई सके पछि मात्र सम्बन्धित उपसमितिले मान्यता पाउनेछ ।*~~

***पहिले भएको व्यवस्था खारेज गरि तपशिलका व्यवस्था २१ औं बार्षिक साधारण सभाबाट कायम गरिएको छ ।***

पुष्प व्यवसाय भित्रका कुनै विधा अन्तर्गतका कुनै समुहको आफ्नो सामुहिक हित र समस्या समाधानको लागि कार्यकारिणी समितिले उपसमितिको गठन गर्न सक्नेछ ।

*२१ औं बार्षिक साधारण सभाबाट संसोधन गरि थप व्यवस्था*

### ३.२ सदस्यता

(क) विधानको दफा ६ मा उल्लेख भए बमोजिमको सदस्यता ग्रहण गर्ने सदस्य मात्र उपसमितिको साधारण सदस्य हुन पाउने छन् ।

### ३.३ उप-समितिको गठन र कार्यकाल

(क) कुनै पनि उप समितिको संयोजक संस्थाको कार्यकारिणी समितिबाट नै हुनेछ ।

(ख) उप समितिमा एक जना सह संयोजक र एक सचिब रहने छन् ।

*(ग) उप समिति ५ जना देखि ९ जना सम्मको बनाउन सकिने छ ।*

**उप समिति ५ जना देखि ११ जना सम्मको बनाउन सकिने छ ।**

*२१ औं बार्षिक साधारण सभाबाट संसोधन*

*(घ) उप समितीको कार्यकाल २ बर्षको हुनेछ ।*

**उप समितीको कार्यकाल कार्यकारिणी समितिको सरह हुनेछ ।** *२१ औं बार्षिक साधारण सभाबाट संसोधन*

ङ) कार्यकारिणी समितीको बिघटन भएमा उप समितीहरु स्वतह बिघटन भएको मानिनेछ ।

### ३.४ उपसमितिको काम, कर्तव्य र अधिकार

(क) उपसमितिले आफ्नो विधा अन्तर्गतका समस्याको समाधानको लागि विभिन्न कार्य गर्नेछ ।

*(ख) आफ्नो समस्या समाधानको लागि गरेको सम्पूर्ण कार्यको जानकारी संस्थाको कार्यकारिणी समितिलाई जानकारी गराउनेछ ।*

**उप समितिले वैठकवाट गरेका निर्णयहरु कार्यान्वयनमा जानुपुर्व कार्यकारिणी समितीवाट अनुमोदन गराउनुपर्नेछ ।** *२१ औं बार्षिक साधारण सभाबाट संसोधन*

(ग) उपसमितिको नियमित बैठक कम्तीमा महिनामा एक पटक बस्नेछ ।

(घ) नियमित बैठकमा भएका छलफल र निर्णयहरुलाई माइनिटिङ गरिराख्नु पर्नेछ ।

(ङ) उपसमितिले आफ्नो कार्य संचालनको लागि लेबी संकलन गर्न सक्नेछ । उप समितीको कार्यक्रम संचालन गर्न कर्मचारी नियुक्ती गर्ने, खारेजी गर्ने तथा निजहरुको पारिश्रमिक तोक्नेछ ।

(च) उपसमितिले कार्य संचालनको लागि सहयोग स्वरुप अर्थ प्राप्त गर्न सक्नेछ । यसको पुर्ब जानकारी केन्द्रलाई दिनु पर्नेछ ।

(छ) उपसमितिहरुले आफ्नो बजेट बनाइ साधारण सभा आउन एक महिना पूर्व कार्य समितिमा पेश गर्नु पर्नेछ र कार्य समितिले उक्त बजेटलाई बार्षिक साधारण सभामा पेश गर्नेछ । उक्त बाार्षिक साधारण सभाद्वारा पारित भए पछि मात्र लागु हुनेछ ।

(ज) उपसमितिहरुले बार्षिक कार्यक्रमहरु पनि साधारण सभा भन्दा एक महिना अघिनै कार्यकारिणी समितिमा पेश गर्नु पर्नेछ र कार्यकारिणी समितिले उक्त बार्षिक कार्यक्रम साधारण सभामा अनुमोदन गराउनु पर्नेछ ।

(झ) बार्षिक बजेटमा भन्दा बढि वा अन्य शिर्षकमा खर्च गर्नु परेमा वा बार्षिक कार्यक्रम देखि अन्य कार्यक्रम गर्नु परेमा उप समितीको प्रस्तावमा कार्यकारिणी समितिको निर्णय बमोजिम गर्नु पर्नेछ ।

(ञ)　उपसमितिहरुले आफ्नो आय व्ययको प्रतिवेदन आर्थिक बर्ष सकिएको १५ दिन भित्रमा संस्थामा बुझाउनु पर्नेछ ।

(ट)　सबै उपसमितिहरुले आफुले प्राप्त गरेको रकमको तोकिएको बैंक खातामा दाखिला गर्नु पर्नेछ ।

*(ठ)　कोष संचालनमा उप समितिको संयोजक र सह संयोजक दुई जना मध्ये एक जना र FAN को कोषाध्यक्षको अनिवार्य हस्ताक्षरबाट संचालन गराउनु पर्नेछ ।*

कोष संचालनमा उप समितिको संयोजकको अनिवार्य र सह संयोजक वा सचिव दुई जना मध्ये एक जनाको संयुक्त हस्ताक्षरबाट संचालन गराउनु पर्नेछ । *२१ औं बार्षिक साधारण सभाबाट संसोधन*

~~(ड)　उपसमितिहरुले स्वीकृत कार्यक्रम तथा बजेट अन्तर्गत आफ्नो कार्य संचालनको लागि रकम बैंकमा दाखिला र निकाल्ने बिषयमा संस्थाको कोषाध्यक्षले कुनै बाधा अड्चन पार्नेछैन ।~~

*खारेज*

(ढ)　उपसमितिहरुले बेला बेलामा आफ्नो विधा अन्तर्गतका सदस्यहरुको भेला बोलाई भेलाले गरेको निर्णय बमोजिम कार्यहरु गर्न सक्नेछ ।

(ण)　उपसमितीहरुको लेखा प्रणाली केन्द्रमा राखिनेछ । लेखापरिक्षण केन्द्रबाटै हुनेछ ।

## थप व्यवस्थाहरु ३.५ देखि ३.८ *२१ औं बार्षिक साधारण सभाबाट थप व्यवस्था*

### ३.५　संयोजकको काम, कर्तव्य र अधिकार

क)　संयोजक उप समितिको प्रमुख पदाधिकारी हुनेछन् ।

ख)　उप समितिको सबै बैठकहरुको अध्यक्षता संयोजकले गर्नेछ ।

ग)　संयोजकको अनुपस्थितिमा बैठकहरुको अध्यक्षता सह संयोजकले गर्नेछन् । सह संयोजकको पनि अनुपस्थिति बैठकहरुको अध्यक्षता सचिबले गर्नेछन् ।

घ)　उप समितिको बैठकमा मतदान हुदा मत बराबर भएमा निर्णायक मत दिने अधिकार संयोजकलाई हुनेछ ।

ङ)　उप समितिको चल अचल सम्पत्तिको रेखदेख, संरक्षण र नियान्त्रण गर्ने गराउने ।

च)　पदाधिकारीहरुको कामको बाँडफाँड गर्ने, निदेर्शन दिने र उनिहरुको राजीनामा स्वीकृत गर्ने ।

छ)　उप समितिको उद्देश्य प्राप्तीका लागि सक्रीय नेतृत्वादायी भुमिका निर्बाह गर्ने ।

### ३.६　सह **संयोजकको काम, कर्तव्य र अधिकार**

संयोजकको सबै काम कर्तव्य र अधिकार निजको अनुपस्थितीमा पालन तथा प्रयोग गर्ने तथा संयोजकको उपस्थितीमा निजलाई कार्यसम्पादनमा सहयोग गर्नु सह संयोजकको कर्तव्य हुनेछ ।

### ३.७　सचिव**को काम, कर्तव्य र अधिकार**

क)　उप समितिको निर्णय बैठक बोलाउने ।

ख　संयोजकले निर्देशन गरे बमोजिम वा आवश्यक परेको अवस्थामा उप समितिको बैठक बोलाउने ।

ग)　संस्थाको बिधान, विनियम, निर्णय, नीति अनुसार आवश्यक उप समितिका कार्यहरु एवं लेखापढि गर्ने गराउने ।

घ)　उप समितिको हितलाई ध्यानमा राखी संयोजकले तोकेको वा निजको अनुमति लिई अन्य आवश्यक कार्य गर्ने ।

ङ)　उप समितिको सबै प्रशासकिय कार्य गर्ने ।

## ३.८ कार्य क्षेत्र

उप समितिको कार्य क्षेत्र काठमाण्डौ उपत्यकाका तीन जिल्ला(काठमाण्डौ, भक्तपुर र ललितपुर)मा सिमित रहने छ ।

## (दफा - ४)
## जिल्ला समिति

### ४.१ जिल्ला समितिको गठन

*(क) कुनै पनि जिल्लाका पुष्प व्यवसायहरुले आफ्नो हक, हित, अधिकार र कर्तव्य पालनका लागि जिल्लासमितिको गठन गर्न सक्नेछ ।*

**काठमाण्डौ उपत्यकाका तीन जिल्ला (काठमाण्डौ, भक्तपुर र ललितपुर) वाहेक कुनै पनि जिल्लाका FAN का सदस्य पुष्प व्यवसायहरुले आफ्नो हक, हित, अधिकार र कर्तव्य पालनका लागि सम्बन्धित जिल्ला भित्र मात्र कार्य क्षेत्र रहने गरि जिल्ला समितिको गठन गर्न सक्नेछ ।**

*२१ औं बार्षिक साधारण सभाबाट संसोधन गरि थप व्यवस्था*

(ख) जिल्ला समिति गठन गर्दा सम्बन्धित जिल्लाका व्यवसायीहरुको भेलाले केन्द्रको एक जना कार्यकारिणी सदस्यको उपस्थितिमा निर्णय गरी जिल्ला समिति गठन गर्न सक्नेछ ।

वा

केन्द्रको जिल्ला समनवय समितिले जिल्लाको आवश्यकतालाई हेरेर जिल्ला समितिको गठन गरिदिन सक्नेछ ।

(ग) जिल्लाका व्यवसायीहरुको सभाले जिल्ला समिती गठन गर्ने निर्णयको प्रतिलिपि र जिल्ला समिति गठनको जानकारी पत्र केन्द्रीय कार्यकारिणी समितिलाई प्राप्त भएको अवस्थामा केन्द्रले त्यस जिल्ला समितिलाई मान्यता दिनेछ ।

### ४.२. सदस्यता

(क) विधानको दफा ६.१ मा उल्लेख भए बमोजिमको सदस्यता ग्रहण गर्ने सदस्य मात्र जिल्ला समितिको साधारण सदस्य हुन पाउनेछ ।

### ४.३ जिल्ला कार्य समिति

*क) कुनै पनि जिल्ला कार्य समिति जिल्लाको व्यवसायको स्थितिलाई हेरेर ५ देखि ९ सदस्यीय कार्य समिति रहनेछ ।*

**कुनै पनि जिल्ला कार्य समिति जिल्लाको व्यवसायको स्थितिलाई हेरेर ५ देखि ११ सदस्यीय कार्य समिति रहनेछ ।** ***२१ औं बार्षिक साधारण सभाबाट संसोधन गरि थप व्यवस्था***

(ख) जिल्ला संचालक समितिमा एक अध्यक्ष एक उपाध्यक्ष एक सचिब एक कोषाध्यक्ष र सदस्यहरु रहने छन् ।

*(ग) जिल्ला कार्य समितिको कार्यकाल दुई बर्षको हुनेछ ।*

**जिल्ला कार्य समितिको कार्यकाल तीन बर्षको हुनेछ ।** *२१ औं बार्षिक साधारण सभाबाट संसोधन*

(घ) जिल्लाको साधारण सभा विधानको दफा ८ ८(१), ८(१) (क) ८(२) ८(३) मा व्यवस्था भए बमोजिम गर्नु पर्नेछ । त्यस जिल्ला भित्रका केन्द्रका सदस्यहरुलाई मात्र सदस्य संख्या गणना गरिनेछ ।

(ङ) गणपूरक संख्याबारेमा विधानको दफा ९ मा व्यवस्था बमोजिम नै गर्नु पर्नेछ ।

(च) साधारण सभा गर्दा जिल्ला समितिले केन्द्रबाट अध्यक्ष वा प्रतिनिधि अनिवार्य उपस्थित गराउनु पर्नेछ ।

### ४.४ जिल्ला कार्य समितिको काम, कर्तव्य र अधिकार

(क) साधारण र विशेष साधारण सभाको निर्णय अनुसार कार्य गर्ने गराउने ।

(ख) साधारण र विशेष साधारण सभाको निर्णय केन्द्रलाई उपलब्ध गराउने ।

(ग) जिल्ला कार्य समितिका कुनै सदस्यको स्थान बिचमा रिक्त हुन आएमा साधारण सभा नभएसम्मका लागि संस्थाको साधारण सदस्यमध्येबाट सदस्य मनोनित गर्ने ।

*(घ) संस्थासंग सम्बन्धित कुनै बिषयमा छानबिन अध्ययन वा बिचार गरी प्रतिवेदन पेश गर्न आवश्यक भएमा उपसमिति गठन गरि कार्य गर्ने गराउने ।*

**आबश्यकता अनुसार जिल्ला भित्र मात्र कार्य क्षेत्र रहने गरि दफा ३ अनुसार उप समिति गठन गरि कार्य गर्ने गराउने ।** *२१ औं बार्षिक साधारण सभाबाट संसोधन*

(ङ) आवश्यकता अनुसार संस्थाको कार्य संचालनको लागि कर्मचारी वा सल्लाहकार नियुक्त गर्ने, खारेजी गर्ने तथा निजको पारिश्रमिक तोक्ने ।

(च) संस्थाको उदेश्यहरु संस्थाको नाममा कार्यन्वयन गर्ने गराउने ।

(छ) जिल्ला कार्य समितिको चुनाव गर्न आवश्यक भएको अवस्थामा एक निर्वाचन अधिकृत मनोनयन गरी निष्पक्ष चुनाब सम्पन्न गराउने ।

(ज) अन्य भैपरि आउने बिषयमा काम कारवाही गर्ने ।

(झ) कार्यक्रमगत बजेट स्वीकृत गर्ने ।

(ञ) यदि साधारण सभा बस्न नसकेमा पछि अनुमोदन गर्ने गरी जिल्ला कार्य समितिको बैठकले निर्णय गरी उपयुक्त प्रस्तावित कार्यक्रम तथा बजेट अनुसार कार्य गर्न बाधा पर्ने छैन ।

(ट) प्रत्येक आर्थिक बर्षको बार्षिक लेखा परिक्षण गर्न नेपाल सरकारमा दर्ता भएको लेखा परिक्षक नियुक्ति गर्ने ।

(ठ) आर्थिक बर्ष सकिएको एक महिना भित्र बाीर्षक आय व्यय लेखा परिक्षण गराई त्यसको प्रतिलिपि केन्द्रमा पठाउनु पर्नेछ ।

(ड) आर्थिक बर्ष पुरा भएको एक महिना भित्र बर्ष भरि गरेको कार्य प्रगति विवरण र आगामी बर्षको प्रस्तावित कार्यक्रम पनि केन्द्रमा पठाउनु पर्नेछ ।

*(ढ) जिल्ला कार्य समितीले प्रत्येक महिनाको गतिबिधी, आयव्ययको बिबरण महिना समाप्त भएको मितिले ७ दिन भित्र केन्द्रमा पठाउनु पर्नेछ ।*

**जिल्ला कार्य समितीले प्रत्येक महिनाको गतिबिधी, आयव्ययको बिबरण प्रत्यक ३ ३ महिनामा महिना समाप्त भएको मितिले ७ दिन भित्र केन्द्रमा पठाउनु पर्नेछ ।** *२१ औं बार्षिक साधारण सभाबाट संसोधन*

(ण) केन्द्रको कार्यक्रम लगायत बैठकहरु समेतमा बोलाएको बेला जिल्ला अध्यक्ष वा प्रतिनिधि यथासक्य उपस्थित हुने ।

(त) जिल्लाका व्यवसायीहरुका समस्याहरु केन्द्रमा जानकारी गराउने ।

(थ) केन्द्रले गरेका सम्पूर्ण कार्यहरु जिल्लाका व्यवसायीहरुलाई जानकारी गराउने ।

(द) जिल्ला कार्य समितिका नियमित बैठक महिनामा एक पटक अनिवार्य बस्ने ।

(ध) समय समयमा जिल्लाका व्यवसायीहरुका भेला बोलाई व्यवसायीहरुले दिएका सल्लाह सुझाब तथा निर्देशनहरुलाई आत्मसाथ गरि कार्यक्रम बनाउने तथा कार्यन्वयन गर्ने गराउने ।

४.५ जिल्ला सल्लाहकार समिति:

जिल्ला समितिको काम कारवाहीलाई सरलिकरण गर्न र समितिको हितमा सरसल्लाह दिन विभिन्न क्षेत्रको प्रतिनिधित्व हुने गरी ५ जना सम्मको सल्लाहकार समिति जिल्ला कार्य समितिले बनाउन सक्नेछ ।

### ४.६ कोष तथा खाता संचालन

(क) जिल्ला समितिको एउटा कोष रहनेछ जसमा जिल्ला सदस्यता शुल्कबाट हुने रकम, नेपाल सरकारबाट प्राप्त रकम, अन्य संघ संस्था वा व्यक्तिहरुबाट ऋण, चक्रकोष वा अनुदान स्वरुप प्राप्त रकम जम्मा गरिनेछ ।

(ख) जिल्ला समितिको कोषको खाता संचालन (जिल्ला समिती) अध्यक्ष र सचिब मध्ये एक जना तथा कोषाध्यक्षको अनिवार्य हस्ताक्षरमा संचालन हुनेछ ।

(ग) विदेशी संघ संस्था वा व्यक्तिबाट रकम लिदा केन्द्रलाई जानकारी गराई केन्द्रद्वारा नेपाल सरकारसंग पूर्व स्वीकृति लिइनेछ ।

### ४.७ विघटन

क) यदि कुनै कारणबश जिल्ला समिती बिघटन भई नरहने अवस्था भएमा सो जिल्ला समितीको स्वामित्वमा भएका सम्पुर्ण चल अचल सम्पत्ती FAN (केन्द्र)को हुनेछ ।

(ख) कुनै कारणवश संस्था (FAN) संचालन हुन नसकी विघटन भएमा सम्पूर्ण जिल्ला समिति तथा उप समिती हरु स्वत विघटन भएको मानिनेछ ।

**(दफा-५)**

**जिल्ला समन्वय समिति**

## ५.१ जिल्ला समन्वय समितिको गठन तथा काम कर्तव्य र अधिकार

(क) जिल्ला समिति गठन र जिल्लाका समस्याहरु हेर्नलाई केन्द्रमा एउटा छुट्टै जिल्ला समन्वय समितिको गठन गरिनेछ ।

(ख) जिल्ला समन्वय समितिमा एक संयोजक र दुई जना सदस्य रहनेछ । जसमा संयोजक कार्य समितिबाट र सदस्यहरु कार्यसमिति वा साधारण सदस्यबाट मनोनित गरिनेछ ।

*(ग) जिल्ला समन्वय समितिको कार्यकाल कार्य कारिणी समिति सरह हुनेछ । तर कार्य समितिको विघटन भएमा जिल्ला समन्वय समिति स्वत विघटन हुनेछ ।*

**जिल्ला समन्वय समितिको कार्यकाल तीन बर्षको हुनेछ । तर कार्य समितिको विघटन भएमा जिल्ला समन्वय समिति स्वत विघटन हुनेछ ।** *२१ औं बार्षिक साधारण सभाबाट संसोधन*

(घ) जिल्ला समन्वय समितिले जिल्लाका व्यवसायहरुलाई संगठित गरी जिल्ला समितिको गठन गर्न सक्नेछ ।

(ङ) जिल्लाका व्यवसायीहरुको समस्या समाधानका लागि जिल्लामा नेपाल सरकारका सम्बन्धित निकायहरु र विभिन्न संघ संस्थासंग समन्वय गर्न सक्नेछ ।

(च) जिल्ला समन्वय समितिले जिल्लाका समस्याहरु केन्द्र सम्म ल्याउने र केन्द्रमा भए गरेका कार्यहरु जिल्लालाई जानकारी गराउनेछ ।

(छ) जिल्ला समन्वय समितीले जिल्लाका समस्याको समाधानका लागि संस्थाको विधानको अक्षरस पालना गर्दै आबश्यक निर्णय लिन सक्नेछ तर यस्तो निर्णय लिएकोमा कार्यसमितिलाई जानकारी गराई कार्यसमितिबाट अनुमोदन गराउनु पर्नेछ ।

**ज जिल्ला समन्वय समितीले जिल्ला समिति नभएका २ व २ भन्दा बढि जिल्लाको पुष्प व्यवसायीहरुलाई समन्वय गर्न क्षेत्रिय समितिको गठन गर्न सक्नेछ । क्षेत्रिय समितिको काम कर्तब्य र अधिकार जिल्ला समिति सरह नै हुनेछ । यसको कार्य क्षेत्र तोकिएका जिल्लाहरु भित्र सिमित रहने छ ।** *२१ औं बार्षिक साधारण सभाबाट थप व्यवस्था*

**(दफा-६)**

**सदस्यता शुल्क**

**(उप समिति तथा जिल्ला समिति)**

क) सबै उपसमिती एवं जिल्ला समितीको सदस्य हुनका लागि बिधानको दफा ६(२) बमोजिम को शुल्क केन्द्रलाई बुझाएको हुनु पर्नेछ । ती सदस्यहरुको सदस्यता बार्षिक रुपमा केन्द्रमा नबिकरण भएको हुनु पर्नेछ ।

ख) सबै उपसमिती वा जिल्ला समितीले आफ्नो कार्य संचालनका लागि छुट्टै बिशेष शुल्क उठाउन सक्नेछ ।

*ग) ~~जिल्ला समितीले बार्षिक कार्यक्रमबाट प्राप्त कुल आम्दानीको १०% ले हुन आउने रकम केन्द्रलाई बुझाउनु पर्नेछ ।~~*

खारेज

घ) *जिल्ला समितीले जिल्ला अन्तरगत रहेको साधारण सदस्यबाट प्राप्त हुने सदस्यता शुल्क एक मुष्ट केन्द्रमा बुझाए पछि केन्द्रले उक्त एक मुष्ट रकम मध्ये ७०% रकम सम्बन्धित जिल्ला समितीलाई फिर्ता दिनेछ ।*

**जिल्ला समितीले जिल्ला अन्तरगत रहेको साधारण सदस्यबाट प्राप्त हुने सदस्यता शुल्क एक मुष्ट केन्द्रमा बुझाए पछि केन्द्रले उक्त एक मुष्ट रकम मध्ये ६०% रकम सम्बन्धित जिल्ला समितीलाई फिर्ता दिनेछ । तर प्रवेश शुल्क पुर्ण रुपमा केन्द्रमा नै बुझाउनु पनेछ ।**

*२१ औं बार्षिक साधारण सभाबाट संसोधन गरि थप व्यवस्था*

ङ) ~~उपसमितीले प्राप्त गरेको बार्षिक कुल आयको २०% केन्द्रलाई बुझाउनेछ ।~~

*खारेज*

च) यसरी बार्षिकरुपमा केन्द्रमा दाखिला गर्नु पर्ने रकम जम्मा नगरेमा समितीहरुलाई केन्द्रले कारोबार रोक्का गर्न वा भङ्ग गर्न सक्नेछ ।

छ) सबै कोषहरु, बैङ्क खाताहरु “फ्लोरिकल्चर एशोसिएसन नेपाल” को नाममा नै रहनेछ ।

**ज) नेपाल बाहिरवाट आयात हुने पुष्पजन्य वस्तुहरुमा जिल्ला तथा उप समितिले उठाउने शुल्कको २५ % केन्द्रमा ७ दिन भित्रमा जम्मा गर्नुपर्नेछ । यस्ता शुल्क अन्तिम गन्तब्यमा मात्र उठाउनु पाउनेछ ।** *२१ औं बार्षिक साधारण सभाबाट थप व्यवस्था*

## (दफा-७)
## बचाउ तथा खारेजी

७.१ यस बिनियमले पुष्प थोक बजार संचालन नियमावली २०५९ लाई खारेजी गरेको छ । उक्त बिनियम अन्तर्गतका गठन भई संचालनमा रहेको पुष्प थोक बजार यो बिनियम लागु भएपछि कट-फ्लावर उपसमिती अन्तर्गत रहनेछ ।

७.२ प्रचलित कानुन, FAN को बिधान र बिनियमसंग नबाझिने गरि उपसमिती तथा जिल्ला समितीहरुले आफ्नो दैनिक कार्य संचालनको लागि कार्यबिधी बनाई लागु गर्न सक्नेछ । तर यसरी लागु गर्दा उक्त कार्यबिधी FAN को कार्य समितीबाट अनुमोदन गराउनु पर्नेछ ।

७.३ दफा (३) र दफा ४ अनुसार गठित उप-समिती तथा जिल्ला समितीले केन्द्रको नीति नियम, प्रचलिन कानुन स्वीकृत बजेट तथा कार्यक्रम भन्दा बाहिर गई काम कारबाही गरेको ठहर भएको अबस्थामा केन्द्रले कार्यकारिणीको निर्णयबाट कुनै पनि बेला उप समिती वा जिल्ला समिती भङ्ग गर्न सक्नेछ र तत्काल अर्को व्यवस्था नभएसम्म तदर्थ समिती बनाई जिम्मेवारी तोक्न सक्नेछ ।

## (दफा-८)
## मनोनयन पत्र , मत पत्र, सपथग्रहणको व्यहोरा, छाप, पत्रचार पाना, छाप झण्डा

८.१ जिल्ला समितिका लेटर प्याड, मनोनयन पत्र, मत पत्र, शपथग्रहणको व्यहोरा, छाप र झण्डा अनुसुचि १,२,३,४,५ र ६ बमोजिम हुनेछ ।

**अनुसूची - १**

# Floriculture Association Nepal (FAN)

(Logo) …………… District Committee

……………..Sub Committee

---

नोट :

१. लेटर प्याड माथि उल्लेख भए बमोजिम हुनु पर्नेछ। संस्थाको नाम लेखिएको अक्षरको रङ्ग हरियो हुनु पर्नेछ।

२. केन्द्रिय कार्यालयको लोगोको साथै चाहेमा जिल्ला समिती तथा उप समितिको सानो छुट्टै लोगो बनाई एक साथ प्रयोग गर्न सक्नेछ तर केन्द्रिय कार्यालयको लोगो हटाउन पाउने छैन।

**अनुसूची - २**

# फ्लोरिकल्चर एशोसिएसन नेपाल (FAN)

लोगो ..................... जिल्ला समिति

**................... जिल्ला समितिको**

**मनोनयन-पत्र**

फ्लोरिकल्चर एशोसिएसन नेपाल .............. जिल्ला समितिको चुनाबमा ................. पदको लागि म श्री/श्रीमति/सुश्री ............................................................को नाम प्रस्ताव गर्दछु ।

उम्मेदवारको सही :...............................

नाम :...............................................

ठेगाना :...........................................

.........................................

प्रस्तावकको सही :...............................

नाम :...............................................

ठेगाना :...........................................

...............................................

१) समर्थकको सही :...................

नाम :...............................

ठेगाना :............................

मिति :

२) समर्थकको सही :...................

नाम :............................

ठेगाना :...........................

मिति :

**नोट :**

१) मनोनयन पत्र नेपाली भाषामा भर्नुपर्छ र बिधान तथा बिनियममा उल्लेखित पदको नाम नै लेख्नुपर्छ ।

२) कुनै सदस्यले एक पदको लागि एक व्यक्तिलाई मात्र प्रस्ताव वा समर्थन गर्न सक्नेछ ।

अनुसूची - ३

# फ्लोरिकल्चर एशोसिएसन नेपाल (FAN)

लोगो ..................... जिल्ला समिति

## ................... जिल्ला समितिको चुनाबको

## मत-पत्र

| क्र.सं. | उम्मेदवारको नाम | पद | मतचिन्ह |
|---|---|---|---|
| १ | | अध्यक्ष | |
| १. | | उपाध्यक्ष | |
| १. | | सचिब | |
| १. | | कोषाध्यक्ष | |
| १. | | सदस्य | |
| २. | | " | |
| ३. | | " | |
| ४. | | " | |
| ५. | | " | |

**ध्यान दिनु पर्ने कुराहरु :**

१. कुनै मतदाताले आबशयक संख्या भन्दा बढि मत दिन पाईदैन तर आफूले चाहेमा आबश्यक संख्या भन्दा कम मत दिन सकिनेछ ।

२. मत जुन उम्मेदवारलाई दिने हो त्यसको नामको सामुन्ने खाली खण्डभित्र (स्वस्तिक चिन्ह) लगाई दिनुपर्छ । चिन्ह धर्को भन्दा बाहिर गएको हुनुहुदैन । गएमा त्यस्तो मत बदर हुनेछ ।

३. मतदान पत्रमा मतचिन्ह बाहेक अरु हुनै चिन्ह लेखेको हुनुहुदैन, अन्यथा उक्तमत बदर हुनेछ ।

**<u>अनुसूची - ४</u>**

# फ्लोरिकल्चर एशोसिएसन नेपाल (FAN)

लोगो ..................... **जिल्ला समिति**

................जिल्ला समितिको पदाधिकारी एवं सदस्यले लिने
शपथग्रहणको बेहोरा

म..........................................फ्लोरिकल्चर एशोसिएसन नेपाल ............... जिल्ला समितिको ....................पदको शपथ ग्रहन गर्दछु । फ्लोरिकल्चर एशोसिएसन नेपालको बिधान तथा बिनियम अन्तर्गत रही आफ्नो पदको अभिभारा बुद्धि, विवेक र क्षमताले भ्याएसम्म पूर्ण ईमान्दारीसाथ बहन गर्नेछु तथा यस संस्थाको संबर्द्धन बिकास तथा पुष्प व्यवसायीहरुको हक हितमा प्रयात्नसिल रहनेछु ।

| | |
|---|---|
| .............................. | ................................ |
| चुनाव अधिकृतको सही | शपथ ग्रहण लिनेको सही |

**<u>अनुसूची -५</u>**

**छाप**

.............. District Committee
…………Sub Committee

**<u>अनुसूची - ६</u>**

**झण्डा**



२.५ x ४' को निलो चारकुने आकारमा बिचमा फ्लोरिकल्चर
एशोसिएसन नेपालको प्रतिक चिन्ह अंकित भएको ।